**बैठक संख्या:** २१/२०७९/०८०

**मिति:** २०८०/०३/२१

**समय:** बिहान ११:०० बजे

**स्थान:** भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | चन्द्रसिंह श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| **अन्य** | | | | |
| | | गणेश वली | लेखा अधिकृत | |
| | | प्रेम प्रसाद भट्टराई | अधिकृत छैटौं | |
| | | चेतन बुढा मगर | सहायक पाँचौं | |
| | | ~~सुन्दर प्र. भट्टराई~~ | ~~आलेप सहायक~~ | |

सन्तोष क्षेत्री मगर सब-इन्जिनियर भूमे गा.पा. कार्यालय

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

### बैठक सं. २१/०७९-८० मिति २०८०।०३।२७ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**प्रस्तावहरु:**

| प्रस्ताव नं. | बैठक प्रस्तावहरु | कैफियत |
|---|---|---|
| १. | छात्रवृत्ति वापतको रकम भुक्तानी सम्बन्धमा | |
| २. | प्लम्बर तालिम भुक्तानी सम्बन्धमा | |
| ३. | नेपाल राष्ट्रिय मावि चुनबाङ विद्यालय पूर्वाधार निर्माण निकासा सम्बन्धमा | |
| ४. | विपद् राहत सम्बन्धमा | |
| ५. | अन्य कार्यालय भुक्तानी सम्बन्धमा | |
| ६. | पर्यटन गुरुयोजना स्वीकृति सम्बन्धमा | |
| ७. | सिद्धचौर मावि लुकुम छात्रावास निर्माण डिपिआर स्वीकृति सम्बन्धमा | |
| ८. | यातायात गुरुयोजना स्वीकृति सम्बन्धमा | |
| ९. | विविध खर्च भुक्तानी स्वीकृति सम्बन्धमा | |
| १०. | भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता योजना स्वीकृति सम्बन्धमा | |
| ११. | सोलार तथा सुधारिएको चुल्हो लाभग्राही छनौट सम्बन्धमा | |
| १२. | म्याद थप सम्बन्धमा | |
| १३. | ठेक्का रद्ध गर्ने सम्बन्धमा | |
| १४. | दोस्रो चरणको काम सम्पन्न भुक्तानी सम्बन्धमा | |
| १५. | कन्टिजेन्सी रकम भुक्तानी सम्बन्धमा | |
| १६. | सिमाना विवाद बैठक खर्च भुक्तानी | |
| १७. | अघिल्लो आवको गाउँसभा बैठक खर्च भुक्तानी | |
| १८. | ३ नं. वडा कार्यालय तला थप रकम | |
| १९. | स्वास्थ्य चौकी मोराबाङ सुत्केरी भान्सा घर निर्माण | |
| २०. | छुट भुक्तानी सम्बन्धमा | |
| २१. | पुल हेरालु तालिम सम्बन्धमा | |
| २२. | रेडियो पूर्वी रुकुम को भवन मर्मत | |
| २३. | विपन्न लक्षित भुक्तानी स्वीकृति सम्बन्धमा | |
| २४. | अनुगमन मूल्याङ्कन सम्बन्धमा | |
| २५. | भूमे सांस्कृतिक महोत्सव तथा खुला प्रतियोगिता खर्च अनुमोदन सम्बन्धमा | |
| २६. | विपन्न व्यक्तिको घर निर्माण सम्बन्धमा | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०।३।२२
पद:

<u>भूमे गाउँपालिका, रुकुम (पूर्व)</u>

<u>बैठक सं. २१/०७९-८० मिति २०८०।०३।२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब</u>

<u>निर्णय नं. १:</u>

भूमे गाउँपालिका र सुनछहरी प्राविधिक शिक्षालय घोराही दाङ बीच भएको द्विपक्षीय सम्झौता बमोजिम गाउँपालिकाबाट सिफारिस भएका ८ जना प्रशिक्षार्थीहरुको ५० प्रतिशत शुल्क वापतको रकमको दोस्रो किस्ता वापतको रकम २२३०६२।- रकम स्वीकृत कार्यक्रमको छात्रवृत्ति शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. २:</u>

अघिल्लो आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रमम बमोजिम यूवाहरुलाई आवाशीय तालिम सञ्चालन गर्नका लागि युसेप नेपालसँग सम्झौता भएकोमा एक जना प्रशिक्षार्थीको प्रमाणपत्र छूट भएका कारण एक जना प्रशिक्षार्थीको छात्राबास तथा तालिम शुल्क वापतको रकम भुक्तानी नभएकाले छूट रकम रु. ११४५८०।- "प्लम्बिङ तालिम भुक्तानी बाँकी" शीर्षकमा विनियोजित बाट भुक्तानी गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३:</u>

नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ बमोजिम नेपाल राष्ट्रिय माधामिक विद्यालय चुनबाङ नेपाल सरकारबाट नमूना विद्यालय छनौट भएकोमा अघिल्लो आर्थिक वर्ष ०७८।७९ मा नेपाल सरकारबाट सशर्त अनुदानतर्फ विनियोजित बजेट रु. १५००००००।- मध्ये गुरुयोजना निर्माण तथा ठेक्का प्रक्रियामा ढिला हुँदा प्रगतिका आधारमा भुक्तानी हुँदा रु. ७५९७०००।- मात्र निकासा गरी बाँकी रकम संघीय सरकारलाई फिर्ता गरिएकोले भवन तथा भौतिक पूर्वाधार निर्माण कार्यमा दायित्व सिर्जना भई कार्य समेत भएकाले दायित्व वापतको रकम रु. २४९११४२।२५ (चौबीस लाख एकानब्बे हजार एक सय बयालीस रुपैयाँ मात्र) नपुग भएकाले गत वर्ष फिर्ता रकम मध्येबाट उक्त रकम निकासाका लागि शिक्षा, विकास तथा समन्वय इकाई तथा मानवस्रोत विकास केन्द्रमार्फत नेपाल सरकारसमक्ष अनुरोध गरिएकोमा हालसम्म रकम प्राप्त नभएकाले चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रम (शिक्षातर्फ) विद्यालयहरुमा भौतिक संरचना निर्माणमा स्थानीय साझेदारी शीर्षकमा विनियोजित रु. १००००००।- (दश लाख मात्र) रकम नेपाल राष्ट्रिय माधामिक विद्यालय चुनबाङलाई निकासा गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

<u>निर्णय नं. ४:</u>

विभिन्न समयमा आएको विपद्का कारण भएको क्षतिको विपद राहत मापदण्ड बमोजिम प्रकोप व्यवस्थापन कोषबाट बेहोर्ने गरी राहत रकम तथा विपद् जोखिम न्यूनिकरण निर्माण प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्नु
हस्ताक्षर:
मिति: २०८०।३।२२
पद:

भूमे गाउँपालिका, रुकुम (पूर्व)

बैठक सं. २१/०७९-८० मिति २०८०।०३।२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. ५:**

जिल्लास्थित अन्य सरकारी कार्यालयतर्फका देहाय बमोजिमका खर्च स्वीकृत गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो।

| क.सं. | कार्यालयको नाम | विवरण | रकम |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सवारी साधन मर्मत खर्च | |
| २ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय, रुकुम (पूर्व) | प्र.०२/०३४ प ०५६७ नं. को मोटरसाइकल मर्मत | १६२५० |
| ३ | लुकुम प्रहरी चौकी | घरभाडा | १२०००० |
| ४ | नेपाली सेना | | |

**निर्णय नं. ६:**

गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमाका लागि रु. ५ लाख रकम विनियोजन भएकोमा गुरुयोजना निर्माणका लागि परामर्श खरिद गरिएकोमा प्रस्तुतिपत्र तथा मस्यौदा उपर छलफल गरी थप सुधारसहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:**

गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमाका लागि रु. ५ लाख रकम विनियोजन भएकोमा गुरुयोजना निर्माणका लागि परामर्श खरिद गरिएकोमा प्रस्तुतिपत्र तथा मस्यौदा उपर छलफल गरी थप सुधारसहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:**

यातायात गुरुयोजना तर्जुमाका लागि विस्तृत परियोजना प्रतिवेदन तयारीका लगि परामर्श खरिद गरिएकोमा प्राप्त मस्यौदा प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:**

गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका निकायहरुको तपसिल बमोजिमका विविध खर्चहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| कार्यालय | खर्चको विवरण | खर्च रकम |
|---|---|---|
| काँक्री स्वाचौ | डाक्टरको खाना खाजा तथा व्यवस्थापकीय खर्च | ७६३०५ |
| १ नं. वडा कार्यालय | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |
| | विविध खर्च | |

हस्ताक्षर :
मिति : २०८०।४।२२
पद :

**निर्णय नं. १०:**

भूमे गाउँपालिकाको खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) योजना कार्यपालिकाबाट स्वीकृत गरी गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:**

अति विपन्न घरपरिवारलाई वैकल्पिक ऊर्जा (सोलार तथा सुधारिएको चुल्हो) सत् प्रतिशत अनुदानमा उपलब्ध गराउन संलग्न बमोजिमको लाभग्राही सूची स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:**

चालु आर्थिक वर्षमा कार्यान्वयन भइरहेका तपसिल बमोजिमका आयोजनाहरु वर्षात तथा समय अभावका कारण कार्य सम्पन्न हुन नसकेकाले म्याद थप गरी कार्य प्रगतिका आधारमा रनिङ बिल उपलब्ध गराउने निर्णय गरियो ।

| क.सं. | परियोजनाको नाम | म्याद थप अवधि | कारण |
|---|---|---|---|
| १ | मदनस्मृति आवि डाँडागाउँ भवन निर्माण दोस्रो चरण | २०८०।०८।२९ | वर्षातका कारण सामग्री ढुवानी कठिन भई ढिला भएको |
| २ | आधारभूत अस्पताल चुनबाङ भवन निर्माण | २०८०।०८।२९ | वर्षातका कारण सामग्री ढुवानी कठिन भई ढिला भएको |
| ३ | कोर्जाघाट, मछैना, गैरीगाउँ, कुनपानी बाच्छाखोर्रे झोलुङ्गे पुल स्टिल पार्टस खरिद | २०८०।०८।२९ | रकम अभाव र वर्षातमा ढुवानी गर्न कठिनाई हुने भएकाले |
| ४ | कृषि उपज संकलन केन्द्र भवन निर्माण | २०८०।०८।२९ | निर्माण सामग्री र समय अभाव |
| ५ | हिमालय लालिगुराँस यूवा क्लव भवन निर्माण भूमे १ | २०८०।०८।२९ | असार २३ भित्र सम्झौता अनुसार सम्पन्न नभएको अवस्थामा म्याद थप लागू हुने |
| ६ | आधारभूत स्वास्थ्य सेवा केन्द्र लुकुम पहुँच सडक निर्माण | २०८०।०८।२९ | असार २३ भित्र सम्झौता अनुसार सम्पन्न नभएको अवस्थामा म्याद थप लागू हुने |
| ७ | महत बुद्ध पार्क संरक्षण | २०८०।०८।२९ | असार २३ भित्र सम्झौता अनुसार सम्पन्न नभएको अवस्थामा म्याद थप लागू हुने |
| ८ | धर्मशाला-खुङ-मालुवा- खाल सडक निर्माण (दोस्रो चरण) | २०८०।०८।२९ | असार २३ भित्र सम्झौता अनुसार सम्पन्न नभएको अवस्थामा म्याद थप लागू हुने |
| ९ | सरस्वती माधामिक विद्यालय सिमखोला निर्माण | २०८०।०८।२९ | |

**निर्णय नं. १३:**

कोल्ड स्टोर निर्माणका लागि ठेक्का प्रक्रिया अगाडि बढाई बोलपत्र मूल्याङ्कनको चरणमा रहेकोमा रकम अभाव तथा जग्गा प्राप्तिमा केही समय लाग्ने भएकाले विस्तृत परियोजना प्रतिवेदन संशोधन गरी लागत रकम घटाई निर्माण प्रक्रिया पुनः अगाडि बढाउने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति:
पद:

**निर्णय नं. १४:**

पहिलो चरणमा कार्य सम्पन्न भई बचत रकमबाट पुनः कार्य प्रक्रिया अगाडि बढाइएका तपसिल बमोजिमका आयोजनाहरुको कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

| क.सं. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | आ.वि. मोराबाङ चारकोठे भवन | | |
| २ | मा.वि. कुचिबाङ चारकोठे भवन | | |
| ३ | आ.वि. गुनाम तीन कोठे भवन | | |
| ४ | आ.वि. रुजिखोला तीन कोठे भवन | | |
| ५ | खाबाङबगर खालपाते सडक | | |

**निर्णय नं. १५:**

भूमे गाउँपालिका अन्तर्गत सञ्चालित आयोजनाहरुको प्रशासनिक खर्च तथा कन्टिन्जेन्सी वापत कट्टा भएको रकमबाट तपसिल बमोजिमको खर्च स्वीकृत गरी भुक्तानी गर्ने निर्णय गरियो ।

| खर्च विवरण | रकम | कैफियत |
|---|---|---|
| फर्निचर तथा फिक्चर्स | ४२३०३७ | |
| कार्यालय सामग्री | १०८१००० | |
| इन्धन अन्य प्रयोजन | ८३६०० | |
| इन्धन कार्यालय प्रयोजन | २९३०६८ | |
| अनुगमन मूल्याङ्कन तथा कार्यालय प्रयोजनका लागि सवारी साधन भाडा | २२९७९० | |
| चुनबाङ आधारभूत अस्पताल प्राविधिक नियमित सुपरीवेक्षण खर्च (पाँचौ तह मासिक ३४७३० का दरले र इन्जिनियर मासिक २१८४४ (आंशिक)) | ६७८८८८ | |
| सूचना प्रकाशन | २२४००० | |

**निर्णय नं. १६:**

बाग्लुङ जिल्लासँगको सीमाना विवादको विषयमा रुकुम पूर्व जिल्ला र बाग्लुङ जिल्लाका प्रदेश सभा सदस्य, गाउँपालिका अध्यक्षहरु, उपाध्यक्षहरु, प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकाय तथा सरकारी कार्यालय प्रमुख, जनप्रतिनिधि तथा सरोकारवालाबीच छलफल तथा अन्तरक्रियाका लागि भूमे गाउँपालिकाले आयोजना गरेको कार्यक्रममा अतिथि खाजा तथा खाना खर्च, व्यवस्थापन लगायतको खर्च भएको तर भुक्तानी नभएको भनी स्थानीय होटल व्यावसायीहरुले रु.५७६००।- रकम भुक्तानी पाउँ भनी दिएको निवेदनको सम्बन्धमा यकिन गर्दा आर्थिक वर्षको अन्तमा बिल पेश भई रकम अभावका कारण भुक्तानी नभएको देखिएकोले नपुग रकम आगामी आर्थिक वर्षमा बेहोर्ने गरी हाललाई गाउँपालिकाको विविध खर्च शीर्षकबाट रु. ३५०००।- रकम भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७:**

अघिल्लो आर्थिक वर्षको आर्थिक कारोबार बन्द भएपछिको कार्यपालिका तथा गाउँसभा बैठक बापतको खर्च रकम भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति:
पद:

बैठक सं. २१/०७९-८० मिति २०८०।०३।२१ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १८:**

३ नं. वडा कार्यालय भवन तला थपका लागि वडाबाट विनियोजित रु. ५०००००।- मा रकम अभाव भई बजेट अभाव भएकोमा रु. १५००००।- गाउँपालिकाबाट थप गर्ने निर्णयानुसार कार्यसम्पन्न भएकाले ३ नं. वडा कार्यालय भवन तला थप शीर्षकमा नपुग रकम रु. १४१५००।- साझेदारीमा आधारित आयोजना तथा अन्य सार्वजनिक निर्माण शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. १९:**

मोराबाङ स्वास्थ्य चौकीमा गैससँगको सुत्केरी भान्सा घर निर्माण (कूल लागत अनुमान नौ लाख मध्ये रु. ३ लाख गैससले बेहोर्ने) का लागि सम्झौता बमोजिम गाउँपालिकाबाट बेहोर्ने अंशतर्फ विशेष अनुदानतर्फको स्वास्थ्य संस्था/बर्थिङ सेन्टर स्थापना/स्तरोन्नति खर्च शीर्षकबाट रु. ५०००००।- ३ नं. वडा कार्यालयको भान्साघर निर्माण साझेदारी शीर्षकबाट रु. १०००००।- बाट भुक्तानी गर्ने निर्णय सर्वसम्मत रुपमा गरियो ।

**निर्णय नं. २०:**

गाउँपालिका भवन (ब्लक ए) निर्माणका क्रममा कार्यकक्षको सिलिङमा प्लाइउड नराखेको सभाहलको टप सिलिङ तथा माथिल्लो तलामा पेन्ट छूट भएकाले कार्यकक्षको पछि थप गरिएको सिलिङ प्लाइउड र पेन्ट वापतको रकम रु. १०००००।- रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. २१:**

झोलुङ्गे पुल हेरालुहरुको क्षमता विकास तथा मर्मत सम्भार उपकरण खरिदका लागि मर्मत सम्भार कोषतर्फ विनियोजित बजेटबाट भुक्तानी गर्ने र तालिम असार २६ गते सञ्चालन हुने भएकाले तालिम व्यवस्थापन वापतको खर्च पेश्की रकम उपलब्ध गराई सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२:**

चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत रेडियो पूर्वी रुकुमको भवन मर्मत शीर्षकमा विनियोजित रकमबाट प्राविधिक लागत अनुमान तथा सम्झौता बमोजिम टायल, मार्बल, चेन गेट, झ्याल ग्रिल, धारा निर्माण, वाल प्लष्टर, शौचालय लगायतका मर्मत सम्बन्धी कार्य सम्पन्न भएकाले भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३:**

गाउँपालिकाबाट स्वीकृत कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका लक्षित कार्यक्रम खर्च भुक्तानी स्वीकृत गर्ने निर्णय गरियो:

| क.सं. | विवरण | रकम | कैफि |
|---|---|---|---|
| १ | वडा नं ८ को अपाङ्गमैत्री सामग्री खरिदतर्फ एक जनालाई घुँडाभन्दा तलको कृत्रिम खुट्टा जडान र १० जनालाई Hearing Aids यन्त्र खरिद वितरण | १८६००० | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०।३।२२
पद:

| | | | |
|---|---|---|---|
| | ९ नं वडाको अपाङ्ग लक्षित कार्यक्रमतर्फ द्वन्द्वका ३ जना घाइते व्यक्तिको उपचार खर्च | १००००० | |

**निर्णय नं. २४:**

चालु आर्थिक बर्षमा कार्यान्वयन भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी समयावधि अन्तिम चरणमा पुगेकाले अनुगमन मूल्याङ्कन नभई भुक्तानी रोकिएकाले अन्तिम चरणको अनुगमन नभएका आयोजना तथा कार्यक्रमहरुको हकमा भुक्तानीपछि पनि पुनः अनुगमन गरी कार्यपालिकामा समीक्षा तथा छलफल गर्ने गरी भुक्तानी प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २५:**

भूमे सांस्कृतिक महोत्सव तथा खुला प्रतियोगिता २०८० को स्वीकृत लागत अनुमान बमोजिम क्रियाकलापगत खर्च फरक पर्न गएकाले खर्च संशोधन गरी रु. १४ लाख विनियोजित बजेटबाट र नपुग रकम अन्य विविध खर्चबाट भुक्तानी गर्ने निर्णय गरियो:

| क.सं. | विवरण | एकाइ | परिमाण | अनुमान | खर्च |
|---|---|---|---|---|---|
| १ | प्रथम पुरस्कार खर्च (भूमे,ढोङ्गे/नचारु,मयुर,फाँक, पैसेरु, झोरेल्नी, सिडारु, लस्के | पटक | १ | ३७५००० | ३७५००० |
| २ | द्वितीय पुरस्कार खर्च (भूमे,ढोङ्गे/नचारु,मयुर,फाँक, पैसेरु, झोरेल्नी, सिडारु, लस्के | पटक | १ | २५५००० | २५५००० |
| ३ | तृतीय पुरस्कार खर्च (भूमे,ढोङ्गे/नचारु,मयुर,फाँक, पैसेरु, झोरेल्नी, सिडारु, लस्के | पटक | १ | १५०००० | १५०००० |
| ४ | उत्कृष्ट कला प्रदर्शन पुरस्कार | पटक | ३ | ४५०० | ४५०० |
| ५ | सान्त्वना पुरस्कार खर्च (भूमे,ढोङ्गे/नचारु,मयुर,फाँक, पैसेरु, झोरेल्नी, सिडारु, लस्के | पटक | १ | ६५००० | ६५००० |
| ६ | प्रतियोगिता मूल्याङ्कन | जना | ३६ | ७२००० | ७२००० |
| ७ | साउण्ड सिस्टम | दिन | ४ | ८८००० | ८८००० |
| ८ | टेन्ट | दिन | ४ | ३८५०० | ३८५०० |
| ९ | टेन्त साउण्ड सिस्टम भाडा आटेजाते | पटक | २ | ५१७०० | ५१७०० |
| १० | व्यानर उद्घाटन | 18/५*५ | ६ | १५००० | ७२०० |
| ११ | व्याच अतिथि | वटा | १०० | १५००० | १५००० |
| १२ | व्याच प्रमुख अतिथि | वटा | १ | १२०० | १२०० |
| १३ | व्याच विशेष | वटा | २० | ४००० | ४००० |
| १४ | वेलुन | प्याकेट | ५ | २५०० | २५०० |
| १५ | चुना | बोरा | १ | २००० | २००० |
| १६ | कप सेट प्रथम, द्वितीय, तृतीय | सेट | ८ | ६४००० | ६४००० |
| १७ | फ्रेम | सेट | ६० | ४८००० | ४८००० |
| १८ | आयोजक खाना | छाक | ९८ | २९४०० | २९४०० |
| १९ | आयोजक खाजा | पटक | ३५ | ५२५० | ५२५० |
| २० | मूल्याङ्कनकर्ता खाजा | पटक | २४ | ३६०० | ३६०० |
| २१ | स्वयम सेवक खाना | छाक | १४० | ४२००० | ४२००० |
| २२ | स्वयम सेवक खाजा | पटक | ७० | १०५०० | १०५०० |
| २३ | स्वयंसेवक भत्ता | दिन | ७० | ७०००० | ७०००० |
| २४ | अतिथि सत्कार खाजा उद्घाटन | संख्या | १५० | २२५०० | २२५०० |
| २५ | अतिथि सत्कारको लागि पग्री तथा रुमाल | थान | १५० | २७००० | २७००० |

निर्णय प्रमाणित गर्नेको
हस्ताक्षर:
मिति: २०८०/३/२२
पद:

...स. २१/०७९-८० मिति २०८०।०३।२५ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

| | | | | | |
|---|---|---|---|---|---|
| [illegible] | अतिथि खाना उद्घाटन | संख्या | ७० | २१००० | २१००० |
| [illegible] | प्रमाण पत्र /सम्मान पत्र | वटा | १२० | ६००० | ३८८५ |
| २८ | सूरक्षाकर्मी र स्वस्थ्यकर्मी खाजा | संख्या | ४० | ६००० | ६००० |
| २९ | पानी | कार्टुन | २० | ४००० | ४००० |
| ३० | जानकारी ब्यानर स्टल | वटा | ९ | ९००० | ३००० |
| ३१ | इन्धन | लि. | ८० | १४४०० | १३८७५ |
| ३२ | विविध | | | २५००० | १८४५५ |
| ३३ | सूचना तथा प्रचार प्रसार रेडियो पम्पेलेट | | १ | ४२००० | ४०७३० |
| | जम्मा | | | १५८९०५० | १५६४७९५ |

## निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | नरहेको । | |

निर्णय प्रमाणित गर्दछु
हस्ताक्षर:
मिति: २०८०।३।२२
पद :